### आ.व. २०८२/०८३ बगनासकाली गाउँकार्यपालिकाका बैठक संख्या १

आज मिति २०८२।०४।०२ गतेका दिन यस बागनासाकाली गाउँ कार्यपालिकाको आ.व. ०८२/८३ को पहिलो बैठक गाउँपालिका अध्यक्ष श्री सरस्वती दर्लामी (चिदी) ज्यूको अध्यक्षतामा देहायको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | वडा नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री सरस्वती दर्लामी (चिदी) | अध्यक्ष | |
| २ | - | श्री हरि प्रसाद पाठक | उपाध्यक्ष | |
| ३ | ३ | श्री टिका बहादुर थापा | वडा अध्यक्ष(प्रवक्ता) | |
| ४ | १ | श्री शेर बहादुर चिदी | वडा अध्यक्ष | |
| ५ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ६ | ४ | श्री जित बहादुर कनौजे | वडा अध्यक्ष | |
| ७ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ८ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ९ | ७ | श्री गण बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| १० | ८ | श्री मोतीलाल बस्याल | वडा अध्यक्ष | |
| ११ | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| १२ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १३ | ३ | श्री बसन्ती थापा | का.पा. सदस्य | |
| १४ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १५ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | |
| १६ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १७ | ६ | श्री बोम लाल सुनार | का.पा. सदस्य | |
| १८ | - | श्री खेमराज छिनाल | सचिव | |

<u>अन्य उपस्थिती</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | यादव प्रसाद पौडेल | वरिष्ठ अ.हे.व. अधिकृत | |
| २ | केशव राज पौडेल | लेखा अधिकृत | |
| ३ | सुजन घिमिरे | प्र. अधिकृत | |
| ४ | | | |

प्रस्तावहरु :

१. वार्षिक समिक्षा सम्बन्धमा ।
२. वार्षिक कार्ययोजना सम्बन्धमा ।
३. कार्यसम्पादन करार सम्झौता सम्बन्धमा ।
४. करार/ज्यालादारी सेवाका कर्मचारीको म्याद थप सम्बन्धमा ।
५. विविध ।

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा भए गरेका कामकाजको सम्बन्धमा समिक्षा गरियो । साथै आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिकाका विषयगत शाखाहरुबाट सम्पन्न भएका कार्यक्रमको विवरण, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुबाट सम्पादन भएका योजना तथा कार्यक्रमहरुको विवरण तयार पारी कार्यालयले तपसिलको मिति, समय र स्थानमा वार्षिक समिक्षा प्रस्तुत गर्ने निर्णय गरियो ।

तपसिल

मिति : २०८२/०४/०५ गते सोमबार
समय : बिहान १०:०० बजे
स्थानः गाउँकार्यपालिकाको सभाहल ।
सहभागी : गाउँकार्यपालिका सदस्यहरु, कार्यालयका सम्पुर्ण कर्मचारीहरु, पत्रकार, र वडा सचिव ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ का लागि वार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो । वार्षिक कार्ययोजना अनुसूची १ मा संलग्न रहेको छ ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत वार्षिक कार्यक्रमहरु सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष समक्ष, विषयगत शाखाका प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत समक्ष र शाखामा कार्यरत कर्मचारीहरुले शाखा प्रमुख समक्ष कार्यसम्पादन करार सम्झौता गरी कार्यसम्पादनको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा वगनासकाली गाउँपालिकाका विभिन्न कार्यालयहरुमा कार्यरत ज्यालादारी/करार सेवाका कर्मचारीहरुको करार सेवा अवधि २०८२ साल असार मसान्तसम्म रहेको हुदाँ वडा नं. २ र ६ का वडा कार्यालय सहयोगी वाहेक सबै कर्मचारीहरुको २०८२ पुस मसान्तसम्म करार सेवा तथा सेवा अवधि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ विविध

क) विज्ञापन सम्बन्धमा :-

यस गाउँपालिकामा रिक्त रहेका र चालू आ.व. मा संघिय सशर्तमा कार्यक्रम मार्फत प्राप्त वजेट बमोजिम तपसिलका पदका लागि सेवा करारमा विज्ञापन प्रकाशन गर्ने साथै वन प्राविधिक कर्मचारीको रिक्त पदमा वैकल्पिक कर्मचारीलाई सिफारिस गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | पद | कैफियत |
|---|---|---|
| १ | मनोसामाजिक परामर्शकर्ता | १ जना |
| २ | उद्यम विकास सहजकर्ता | १ जना |
| ३ | कार्यालय सहयोगी वडा नं. २ र ६ | १/१ जना |

**ख) भुक्तानी सम्बन्धमा :-**

बगनासकाली गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा निर्माण प्रारम्भ भई निर्माणाधिन अवस्थामा रहेका तपसिलका योजनाको निर्माण सम्पन्न पश्चात प्राविधिक मुल्यांकन बमोजिम बाँकि भुक्तानी रकम यस चालू आ.व.मा विनियोजित रकमवाट भुक्तानी प्रदान गर्ने निर्णय गरियो।

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा नं. |
|---|---|---|
| १ | वराङ्दी स्वास्थ्य चौकी | वडा नं. ८ |
| २ | आधारभूत स्वास्थ्य सेवा केन्द्र  दर्पुग | वडा नं. ६ |